# धनगढी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

(कर्मचारी प्रशासन तथा मानव संशाधन विकास शाखा)

प.स. – ०८२/०८३

च.नं.

धनगढी, कैलाली।

सुदूरपश्चिम प्रदेश, नेपाल।

<u>बिषयः- सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी सूचना</u> ।

प्रथम पटक प्रकाशित मिति :-२०८३/०४/०१ गते

नेपाल सम्बत ११४६ दिलाथ्व तृतिया शुक्रवार

धनगढी उपमहानगरपालिकाको कार्यालय भवन, धनगढी सभा हल (वडा नं.८) भूमी व्यवस्थापन शाखा (राष्ट्र बैंक चौक वडा नं.१) लगायत कार्यालय परिसर र कार्यालयद्वारा समय समयमा सञ्चालन गरिने अन्य कार्यक्रम स्थलको चल अचल सम्पतिको रेखदेख र मूल गेटको पालो पहरा गर्ने कार्य करार सेवाबाट गराउनुपर्ने भएको हुँदा उक्त कार्य गर्ने चाहने ईच्छुक रजिस्टर्ड फर्म र कम्पनीहरुबाट तपसिल अनुसार शिलबन्दी दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिनको १२.०० बजे भित्र पेश गर्न यो सूचना आव्हान गरिएको छ।

तपसिलः-

१. दरभाउ पत्र फारम रु १०००/- (अक्षरुपि एक हजार) पछि फिर्ता नहुने गरी धनगढी उपमहानगरपालिकाको राजस्व शाखामा रकम जम्मा गरि लिनुपर्नेछ।

२. दरभाउ पत्र पेश गर्दा आवश्यक तपसिल वमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ।

(क) कम्पनी रजिष्टर्ड कार्यालयमा दर्ता भएको फर्म दर्ता प्रमाण पत्र तथा नविकरण गरेको पत्र।

(ख) अघिल्लो आर्थिक वर्ष सम्म कर (भ्याट) तिरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरू ।

(ग) धनगढी उपमहानगरपालिकामा सूचीकृत भएको पत्र।

(घ) दरभाउ पत्रदाताले आफूसंग भए गरेका अनुभवका कागजातहरु प्रमाण पत्र।

(ङ) सुरक्षा सेवा प्रदान गर्न गृह मन्त्रालय वा सम्वन्धित निकायवाट प्राप्त इजाजत पत्र लिएको प्रमाण पत्र।

३. यस कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औ दिन कार्यालय समयभित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ।

४. विक्री भएका शिलबन्दी दरभाउ पत्रहरु सूचना प्रकाशित भएको ८औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ।

५. म्याद भित्र रितपुर्वक पर्न आएका शिलबन्दी दरभाउहरु ८ औ दिन दिनको २:०० बजे यस कार्यालयमा उपस्थित भएका दरभाउ पत्रदाता तथा सरकारी कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिने छन। दरभाउ पत्रदाता वा निजको प्रतिनिधि नरहेमा पनि दरभाउ पत्र खोल्न

जनकराज भट्ट
सहसचिव
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
( कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा )

प.स. – ०८२/०८३ धनगढी, कैलाली ।

च.नं. सुदूरपश्चिम प्रदेश, नेपाल ।

वाधा पुग्ने छैन । दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो पछिका कार्यहरु क्रमश: भोलिपल्ट सोही समयमा हुनेछन ।

६ शिलबन्दी दरभाउपत्रको साथ जमानत वापतको रकम बोलकबोल अंकको कम्तीमा २.५ प्रतिशत (अढाई प्रतिशत) यस कार्यालयको रा.बा.बैंक धनगढी स्थित धरौटी खाता हि.न. ४१७०१००३०३००००००२ मा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी गरिएको विड बण्ड या जमानी पत्र संलग्न हुनुपर्नेछ ।

७ शिलबन्दी दरभाउपत्र अङ्क र अक्षरमा स्पष्ट साथ लेखिएको हुनुपर्छ । अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

८ शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल अंकको ५ प्रतिशतले हुने रकम जमानत बापत कम्तीमा ६ महिना म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको पत्र या नगदै दाखिला गरी संझौता गर्न आउनु पर्नेछ ।

९. सुरक्षा गार्ड कार्यालयमा सुरक्षा गर्न केही संख्यामा तथा आवश्यकता अनुसार सुरक्षा गार्डको संख्यामा थपघट गर्ने गरी उपमहानगरपालिका कार्यालयमा,धनगढी सभा हल र भूमी व्यवस्थापन शाखा, रहेका भवनका लागी १ वर्षको सेवा अवधी हुनेछ र सुरक्षा गार्डको सेवा करारको काम सन्तोषजनक भएमा कार्यालयको आवश्यकता अनुसार म्याद थप गर्न सकिनेछ ।

१०. कार्यालयद्धारा सञ्चालन हुने अन्य कार्यहरुमा समेत सुरक्षा गार्डको सेवा लिएमा (वार्षिक, मासिक, दैनिक रुपमा कार्य गरेमा ) मासिक दरका आधारमा पारिश्रमिक भूक्तानी गरिने छ ।

११. कार्यालयमा पेश हुन आएका शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयलाई हुनेछ ।

१२. श्रम ऐन २०७४ को दफा १०६ वमोजिम र नियमावली २०७५ को दोश्रो संशोधन अनुसार र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/०४/०५ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार न्यूनतम पारिश्रमिकमा नघटने गरी पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा प्रदायकले सेवा उपलब्ध गराए वापत उपमहानगरपालिकाले शिलवन्दी दरभाउ पत्रमा उल्लेखित रकममा नवढने गरी सम्झौतामा उल्लेख गरे अनुसार भुक्तानी गर्नेछ ।

१३. यस सम्बन्धित अन्य कुराहरु सार्वजनिक खरिद ऐन दोश्रो संशोधन २०८२, सार्वजनिक खरिद नियमावली २०६४, चौधौं संशोधन एवम अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

.....................

प्रमुख प्रशासकीय अधिकृत

शंकरराज भट्ट
सहसचिव
प्रमुख प्रशासकीय अधिकृत